# संगम खबर
दैनिक

वर्ष :-०६, अंकः-५०, २०८२ माघ १६ गते, शुक्रवार/ 30 Jan. 2026 पृष्ठः-४, मूल्य ५ रुपैयाँ

sangamkhabar.com.np


## जिल्ला स्तरीय बज्जिका कविता वाचन प्रतियोगिता

रौतहट, माघ १५ ॥ रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ७ स्थित श्री नेमधारी बासुदेव नमुना माध्यमिक विद्यालय मुडवलवामा आज जिल्ला स्तरीय बज्जिका कविता वाचन प्रतियोगिता सम्पन्न भएको छ ।

मा वि मुडवलवाको ६६ औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको सो कार्यक्रम भव्यताका साथ सम्पन्न भएको हो ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष रामेश्वर राय यादवको सभापतित्व र पूर्व संविधानसभा सदस्य रम्भा देवीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा जिल्ला भरीबाट २१ वटा नवसर्जक विद्यार्थीले आफ्ना रचना वाचन गरेको थियो ।



जिल्ला भरीबाट ५१ वटा बज्जिका कविता प्राप्त भएको र पहिलो चरणको छनौटबाट छनौट भई आएका २१ वटा रचनालाई आज वाचन गराइएको विद्यालयको प्रधानाध्यापक रवी शङ्कर यादवले जानकारी दिनु भयो ।

विद्यालयको शिक्षक टेकनाथ खतिवडाले सञ्चालन गर्नु भएको सो प्रतियोगितामा मा वि मुडवलवा प्रथम , जनता मा वि औरैया ईशनाथ न पा ३ द्वितीय र शङ्कर गुदर मा वि समनपुर तृतीय भएको हो । मा वि मुडवलवाकी नवसर्जक हर्षिता कुमारी यादव प्रथम , जनता मा वि औरैयाकी नवसर्जक करिश्मा कुमारी द्वितीय र मा वि समनपुरकी नवसर्जक इशा कुमारी दास तृतीय स्थान ल्याउन सफल भएको हो । विजेता सबैलाई प्रमुख अतिथि , सभापतिले संयुक्तरूपमा पुरस्कार वितरण गर्नु भएको कार्यक्रममा सहभागी मा वि ब्रम्हपुरीको शिक्षक बद्री नारायण साहले जानकारी दिनु भयो । कार्यक्रममा सहभागी भएको बाँकी सबै नवसर्जकहरूलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । जिल्ला भरीका बज्जिका साहित्यका अग्रज साहित्यकार, बज्जिका भाषासँग सरोकार राख्नुहने सरोकारवालाको सहभागिता रहेको थियो ।

## रौतहटमा चर्चित महिला उम्मेदवार पुनम यादवको चुनाव जित्ने दाबी



रौतहट, माघ १५ ॥ रौतहट क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बनेकी नेपाली कम्युनिस्ट पार्टीकी एकमात्र महिला उम्मेदवार पुनम यादवले आफ्नो जित सुनिश्चित रहेको दाबी गर्नुभएको छ। उहाँले आफ्नो उम्मेदवारीसँगै ठूला-ठूला राजनीतिक दलका उम्मेदवारहरूको “निन्द हराम” भएको बताउँदै, क्षेत्रको सांसद बन्ने असली हकदार आफू नै रहेको दाबी गर्नुभयो।

रौतहट क्षेत्र नम्बर ३ मा राजनीतिक दल र स्वतन्त्र गरी करिब ४० जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। यद्यपि पुरुष उम्मेदवारहरूको तुलनामा पुनम यादव चुनावी मैदानमा निकै अगाडि रहेको नेकपा फतुवा विजयपुर नगर कमिटी अध्यक्ष अजय तिमिल्सिनाले जानकारी दिनुभयो। उहाँका अनुसार पुनम यादवको उम्मेदवारीलाई महिला सहभागिता, समान प्रतिनिधित्व र समावेशी लोकतन्त्रको दृष्टिले अत्यन्त महत्वपूर्ण रूपमा हेरिएको छ।

उम्मेदवार यादवले गुणस्तरीय शिक्षा, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा, युवाका लागि दिगो रोजगारी, किसानमुखी कृषि सुधार र जनचेतनाको विकासलाई आफ्नो मुख्य एजेन्डाका रूपमा अघि सार्दै आउनुभएको छ। यी आधारभूत क्षेत्रहरूमा सुधार नगरी जनताको जीवनस्तरमा वास्तविक परिवर्तन सम्भव नहुने उहाँको स्पष्ट धारणा रहेको छ।


चुनावी अभियानका क्रममा गाउँ-गाउँमा पुगेर आम नागरिकसँग प्रत्यक्ष संवाद गरिरहेकी यादवले महिला भएकै कारण कमजोर ठान्ने सोचलाई यसपटक मतदाताले परास्त गर्ने विश्वास व्यक्त गर्नुभएको छ। “महिला हुनु कमजोरी होइन, यो परिवर्तनको शक्ति हो,” उहाँले भन्नुभयो।

उहाँले महिलालाई कमजोर नठान्न आग्रह गर्दै हिन्दू दर्शनमा महिला शक्ति ‘आदि शक्ति जगदम्बा’को स्वरूपसमेत हुने उल्लेख गर्नुभयो। समाज परिवर्तनको मेरुदण्ड महिला नै भएको र राजनीतिक नेतृत्वमा महिलाको उपस्थितिले समग्र शासन प्रणालीलाई न्यायपूर्ण र उत्तरदायी बनाउने उहाँको भनाइ छ।

स्थानीय मतदातामाझ बढ्दो समर्थन र उत्साहले पुनम यादवको उम्मेदवारी रौतहटको चुनावी राजनीतिमा नयाँ आशा र सशक्त महिला नेतृत्वको प्रतीकका रूपमा हेरिन थालेको छ।

## किर्ते पत्र र चलानी दुरुपयोग गर्दै निमित्त प्रमुख प्रशासकीय अधिकृत नियुक्तिको प्रयास, यमुनामाई गाउँपालिकामा ठूलो प्रशासनिक विवाद

रौतहट, माघ १५॥ यमुनामाई गाउँपालिकाका अध्यक्ष महमद सउदले राम श्रेष्ठ राय यादवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाउन कुनै पनि हद पार गर्न सक्ने देखिएको छ। केही दिनअघि मात्र २-३ हप्ताभित्रै निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिलाउने उद्देश्यले स्वास्थ्यतर्फका दुई फरक-फरक जुनियर कर्मचारीलाई सरुवा सहमति दिएको भन्दै तयार गरिएका पत्रहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए। ती पत्रहरू किर्ते र नक्कली भएको आशंका सार्वजनिक भएसँगै मिलेमतोमा संलग्न कविराज राम श्रेष्ठ राय यादव र गाउँपालिका अध्यक्ष सउद हच्किएका छन्। ती सरुवा सहमति पत्रबारे प्रमुख प्रशासकीय अधिकृत वकिल प्रसाद पालसँग बुझ्दा उनले ती पत्रहरू पूर्ण रूपमा किर्ते र नक्कली रहेको खुलासा गरेका छन्। पालका अनुसार ती पत्रहरूमा प्रयोग गरिएका चलानी नम्बरहरू दोहोरिएको पाइएको छ र सो विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइसकिएको छ। प्रमुख प्रशासकीय अधिकृत पालका अनुसार अध्यक्ष सउदले वडा नम्बर १ का वडाध्यक्ष नन्दलाल राय यादव र राम श्रेष्ठ राय यादवसँग मिलेमतो गरी गाउँपालिकाको लेटरप्याड दुरुपयोग गर्दै अघि नै प्रयोग भइसकेका चलानी नम्बर राखी विभिन्न किर्ते पत्रहरू तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंमा पत्राचार गरेका छन्। गाउँपालिकाको चलानी नम्बर ४२० मिति २०८२/०८/१६ मा राय प्रतिक्रिया सहितका कागजात तुरुन्त पठाउने


यमुनामाई गाउँपालिका
Yamunamai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
सरुवाठा, रौतहट
Saruatha, Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

नक्कली पत्र

पत्र संख्याः- २०८२/०८३
च.नं. ४५८

मितिः-२०८२/०९/०९

विषयः- प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस यमुनामाई गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री वकिल प्रसाद पाल (क.सं.नं. १८३४०९) को कामकाज संतोषजनक नरहेको र निज आएको दिनदेखी नै कार्यालयको कामकाज नगरी अन्य गतिविधिमा नै संलग्न रहेकोले कार्यालयको आर्थिक तथा प्रशासनिक कार्यमा अफठ्यारो भइरहेको हुदा सुशासन कायम गर्न समस्या भइरहेको हुदा निजलाई अन्य कुनै ठाउँमा सरुवा गरी यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी यस कार्यालयमा कार्यरत वरिष्ठ कविराज निरिक्षक अधिकृत सातौं श्री रामश्रेष्ठ राय यादव (क.सं.नं. १८५५८९) लाई यस कार्यालयको नि. प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिनु हुन अनुरोध छ ।

महमद सउद
गा.पा. अध्यक्ष

महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुवाठा, रौतहट

विषयमा चलानी रजिष्टरमा अभिलेख देखिए पनि सोही चलानी नम्बर र मिति २०८२/०८/१९ राखी फरक आशयको अर्को पत्र मन्त्रालयमा पठाइएको कुरा सामाजिक सञ्जालमा भाइरल भएको पालले बताएका छन्। त्यसैगरी अध्यक्ष सउदले मिति २०८२/०९/०५ मा कार्यालय बाहिर बोलाइएको भनिएको कार्यपालिका बैठकबारे आफूलाई कुनै जानकारी नरहेको कुरा पनि प्रमुख प्रशासकीय अधिकृत पालले बताएका छन्। यसअघि पनि पटक-पटक निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिसकेका वरिष्ट कविराज निरीक्षक अधिकृत राम श्रेष्ठ राय यादवलाई पुनः निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन अनुरोध गरिएको निर्णय देखाइएको छ। सो निर्णयका आधारमा प.सं. ०८२/०८३ च.नं. ४५९ मिति २०८२/०९/०९ मा आर्थिक प्रशासन शाखाका लागि श्रेस्ता उपलब्ध गराउने विषयमा अघि नै चलानी भइसकेको चलानी किताबमा देखिन्छ। तर उही मिति र उही चलानी नम्बर प्रयोग गरी अध्यक्ष सउदले राम श्रेष्ठ राय यादवलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिन अनुरोध गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अर्को किर्ते पत्र तयार गरी पत्राचार गरिएको देखिएको छ।

प्रमुख प्रशासकीय अधिकृत वकिल प्रसाद पालका अनुसार गाउँपालिका अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित जनप्रतिनिधिबाट यस प्रकारका गतिविधि हुनु अत्यन्तै दुःखद र आपत्तिजनक विषय हो, जसले स्थानीय सरकारप्रति आमनागरिकको विश्वास डगमगाएको छ। यस गम्भीर प्रकरणमा हालसम्म सम्बन्धित निकायबाट औपचारिक अनुसन्धान प्रक्रिया अघि बढ्न बाँकी रहेको बताइएको छ। यश सम्बन्धमा गाउँ पालिका अध्यक्ष सउदसंग किर्ते सिफारिस र बैठक बारे कुरा गर्दा कुनै सत्यता नरहेको बताए। साथै प्रमुख प्रशासकिय अधिकृत पाललाई सामुनेमा आएर कुरा गर्न चुनौती दिएका छन।

## ठग, भ्रष्टाचारी, लुटेराहरुले मुलुक जोगाउन सक्दैनन् : प्रभु साह

रौतहट, माघ १५॥ आम जनता पार्टी (आजपा )का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले राष्ट्रियता, लोकतन्त्र, अर्थतन्त्र जोगाउन सक्ने असली नायक मुलुकले खोजेको बताएका छन्। देशले बालेन शाहजस्तो नक्कली नायक नखोजेको टिप्पणी उनले गरे।

आजपाद्वारा आज (बिहीबार) रौतहटको मौलापुरमा आयोजित पार्टीको तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार, अगुवा नेताकार्यकर्ताको विशेष प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले नक्कली नायक, ठग, भ्रष्टाचारी, लुटेराहरुले मुलुक जोगाउन नसक्ने बताए।

‘अहिले राष्ट्रियता, लोकतन्त्र, अर्थतन्त्र नै गम्भिर संकटमा छ। यसलाई जोगाउन सक्कली नायकको खोजि भइरहेको छ। गरिब, दिनदुखी, निमुखा, भुइँमान्छेको सेवक खोजेको छ। यो चुनाव राम्रो र नराम्रोबीचको लडाई हो,’ आजपा अध्यक्ष साहले भने, ‘देशले बालेन शाहजस्तो नक्कली नायक खोजेको छैन, देशले त असली नायक खोजेको छ। यि नक्कली नाकाबधारी नायक, ठग, भ्रष्टाचारी, लुटेराहरुबाट




मुलुकको राष्ट्रियता, लोकतन्त्र, अर्थतन्त्र जोगाउँन सकिदैन। त्यसैले हामी सबै सचेत हुन आवश्यक छ।’

बालेनको नाममा नक्कली हावा चलाउन अहिलेको प्रधानमन्त्री सुशीला कार्कीहरु नै तम्सिएको बताउदै उनले अवर वादीहरुको फुण्डलाई आम जनताले तह निर्वाचनबाट तह लगाउन तयार रहेको बताए।

आजपा अध्यक्ष साहले वर्तमान सरकार एकपक्षीय देखिएको बताए। ‘रास्वपाका चटकेहरुलाई प्रहरी तैनाथ गर्ने, सुरक्षाकर्मी अघिपछि लगाउने काम गरेको छ। पूर्वमन्त्री, पूर्वसांसदहरुको सुरक्षाकर्मी फिर्ता गर्ने तर रास्वपाका नेता, नेता पत्नीहरुलाई सुरक्षाकर्मी दिएर गृहमन्त्री ओमप्रकाश अर्यालले तामासा गरिरहेका छन्,’ साहले भने। उनले यो सरकार नै रास्वपाको

बाँकी ३ पेजमा

सुमिन्त्रा मिडिया प्रा.लि. गौर रौतहटद्वारा प्रकाशित सगम खवर दैनिक पत्रिकाको लागि
सम्पादक :- दिनेश यादव उर्फ संगम
कप्यूटर लेआउट :- राहुल कुमार पाण्डेय
कार्यालय :- गौर नगरपालिका-२ रौतहट, नेपाल
मोवाईल नं. :- ९८५५०४५९१९, ९८०९२४५९१९
इमेल :- sangamkhabar@gmail.com,
वेवसाईट:- www.sangamkhabar.com.np
मुद्रक :- हेमा पव्लीकेशन प्र.लि. गौर, रौतहट

## सम्पादकीय ............

# चुनावमा एआईको प्रयोग

फागुन २१ गेत हुने आम निर्वाचनको प्रचार प्रशारमा एआईको प्रयोग भैरहेको छ। अहिले समाजक संजाल एआईबाट निर्मित विभिन्न प्रशार प्रसारका समाग्रीहरु प्रसस्त भेटिन्छ । बढदो प्रविधि र समाजिक संजालको प्रयोगले मतदाता लाभ्याउन उम्मेदवारहरुले आफुन गर्ने नसक्ने कामको बाचा सहितको एआई समाग्रीहरु समाजिक संजालमा आतन्क मचाई रहेको आम नागरिकहरुको गुनासो समेत बढेको छ। मुलक अहिले पस्तानान्त्रणको खोजीमा आम निर्वाचनमा मतदान गर्न आतु भएका पछि उम्मेदवारहरुको एआई प्रयोगबाट निर्मित प्रचार प्रसार समाग्री जनतालाई भ्रमित गर्न खोजी रहेकाको आम सर्वसधारणको बुझाई रहेको छ। एआईबाट निर्मित समाग्रीमा यस्ता यस्ता शब्दहरुको प्रयोग गरिएको छ जनु उम्मेदवारलाई त्यस्को अर्थ समेत थहाँ नभएको त त्यो समाग्री अफैले समाजिक संजालमा सेयर गरिएको पाईएको छ । यसले समाजमा भ्रम वाहेक केही पनि गर्न सकिने छैन । एआईको प्रयोग सहित तरिकाबाट गर्नू पर्ने देखिन्छ ।

# अपेक्षा र उपेक्षाको बिचमा मधेस

राजेश विद्रोही



नेपालको इतिहास हेर्दा मधेस सधैँ कृषि उत्पादन, व्यापार, व्यावसायिक गतिविधि, संस्कृति र ज्ञानको केन्द्रका रूपमा रहेको देखिन्छ। तर समयक्रमसँगै मधेस र पहाडबिचको बुझाइमा दूरी बढ्दै गएको अनुभूति गरिएको देखिन्छ।

यस लेखको उद्देश्य कुनै राजनीतिक धार वा सम्प्रदायलाई अघि बढाउनु वा भड्काउनु होइन, बरु इतिहास, संस्कृति र आपसी सम्मानका आधारमा साझा राष्ट्रिय निर्माणप्रति साझेदारिता देखाउनु हो।

मधेस शब्दको ऐतिहासिक अर्थ र विकास

'मधेस' शब्द संस्कृतको मध्यदेशबाट विकसित भएको मानिन्छ । प्राचीन ग्रन्थहरूमा गङ्गा-यमुना क्षेत्र वरपरको भूभाग अर्थात् हिमाल र पहाडको दक्षिणतर्फ फैलिएको उर्वर समथर भूभागलाई मध्यदेश भनिन्थ्यो।

यही शब्द बोलचालको समयक्रमसँगै भाषिक रूपान्तरण हुँदै 'मधेस'का रूपमा स्थापित भयो। लिच्छवी र मल्लकालका केही संस्कृत तथा नेपाली अभिलेखहरूमा 'मध्यदेश' वा त्यससँग सम्बन्धित उल्लेखहरू पाइन्छन् । तर आधुनिक अर्थमा नेपालको दक्षिणी तराई भूभागलाई औपचारिक रूपमा 'मधेस' भनेर चिनाउने चलन भने राणा शासनकालतिर मात्र विकसित भएको देखिन्छ।

खासगरी १९औँ-२०औँ शताब्दीमा राणा शासनकालमा तराईलाई पहाडभन्दा अलग, सीमावर्ती र फरक सामाजिक क्षेत्रका रूपमा हेर्ने प्रशासनिक सोच बलियो बन्यो। यसरी भौगोलिक अर्थमा प्रयोग भएको शब्द पछि सामाजिक र सांस्कृतिक पहिचानसँग जोडिन पुग्यो। २००७ सालपछि नागरिकता, भाषा र समावेशीकरणका बहससँगै मधेस पहिचानको विषयका रूपमा स्थापित भयो । २०६३/६४ सालको मधेस आन्दोलनपछि 'मधेस' राष्ट्रिय राजनीतिक र सामाजिक विमर्शमा निर्णायक रूपमा प्रवेश गऱ्यो।

ऐतिहासिक र सांस्कृतिक योगदान

मधेसको इतिहास वैदिककालसम्म फैलिएको छ। वैदिक कालमा विदेह वा मिथिला राज्य यही क्षेत्रमा अवस्थित थियो । राजा जनकको शासनकालमा दर्शन, शिक्षा र वैदिक चिन्तन उच्च उत्कर्षमा पुगेको देखिन्छ । सीता, याज्ञवल्क्यजस्ता ऐतिहासिक पात्रहरूले मधेसलाई धार्मिक, दार्शनिक र बौद्धिक चेतनाको केन्द्रका रूपमा स्थापित गरेका छन् ।

मिथिला संस्कृति, कला, साहित्य, लोकपरम्परा र शास्त्रीय दर्शनको निरन्तर विकासले मधेसलाई दक्षिण एसियाकै एक महत्वपूर्ण सांस्कृतिक भूभागका रूपमा चिनाएको छ।

मध्यकालमा कर्णाट र सेन वंश तथा आंशिक रूपमा मुगल प्रभावअन्तर्गत रहेको मधेस हिमाली भेग र गङ्गा मैदानबिचको महत्वपूर्ण व्यापारिक सेतुका रूपमा विकसित भयो । नून, ऊन, अन्न, कपडा र हस्तकलाका सामग्रीको आदान-प्रदानले मधेसलाई आर्थिक मात्र होइन्, सामरिक, सामाजिक र सांस्कृतिक दृष्टिले पनि सबल बनायो । यस ऐतिहासिक प्रक्रियाले मधेसलाई नेपालको समग्र इतिहास र सभ्यताको अभिन्न अङ्गका रूपमा स्थापित गरेको छ।

**सामाजिक, भाषिक र सांस्कृतिक विविधता**

मधेस नेपालकै सबैभन्दा घना जनसङ्ख्या भएको क्षेत्र हो । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेस प्रदेशको जनसङ्ख्या करिब ६१ लाख रहेको छ। यादव, कुर्मी, थारु, मुसहर, दुसाध, चमार , कोइरी, ब्राह्मण, राजपूतलगायत दर्जनौं जातीय समुदायहरूको सहअस्तित्वले मधेसलाई सामाजिक रूपमा अत्यन्त विविध बनाएको छ।

धार्मिक दृष्टिले यहाँ मुख्यतः हिन्दु र मुस्लिम समुदायको बाहुल्य रहेको छ, जसले धार्मिक सहिष्णुता र सहअस्तित्वको लामो परम्परा विकास गरेको छ । भाषिक रूपमा मधेस बहुभाषिक समाज हो।

मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारु र उर्दू यहाँका प्रमुख मातृभाषाहरू हुन्। यी भाषाहरू केवल सञ्चारका साधन मात्र नभई मधेसी समाजको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरताका आधार हुन् तर लामो समयसम्म राज्य संरचनाभित्र यी भाषाहरूको औपचारिक मान्यता र प्रयोग सीमित रहँदा भाषिक असमानता र उपेक्षाको अनुभूति मधेसी समाजमा गहिरिँदै गएको देखिन्छ ।

सांस्कृतिक दृष्टिले छठ, समा-चकेवा, जुडशीतल, होली, ईद र मोहर्रमजस्ता पर्वहरूले मधेसको बहुसांस्कृतिक चरित्र र सामाजिक सहिष्णुतालाई प्रतिविम्बित गर्छन् ।

प्रकृतिप्रति सम्मान, पारिवारिक सम्बन्ध र सामुदायिक ऐक्यबद्धता यी पर्वहरूको साझा विशेषता हुन् । लोकगीत, लोकनृत्य र मौखिक परम्पराले पुस्तौंदेखि मधेसको सांस्कृतिक चेतनालाई जीवन्त राख्दै आएको छ। १८औँ शताब्दीमा गोरखा राज्यद्वारा नेपाल एकीकरण भएपछि मधेसलाई प्रायः सुरक्षा दृष्टिले संवेदनशील क्षेत्रका रूपमा हेरिएको ऐतिहासिक अनुभूति पाइन्छ।

यसले कतिपय समयमा मधेसलाई राज्यको अभिन्न अङ्गभन्दा परिधिमा राखिएको जस्तो अनुभूति उत्पन्न गराएको छ। यही पृष्ठभूमिमा मधेसको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी राष्ट्रिय दृष्टिकोण विकास गर्नु आजको साझा आवश्यकता हो।

**मधेस-पहाड सम्बन्धः बुझाइको आवश्यकता**

मधेसलाई प्रायः नेपालको अन्न भण्डार भनिन्छ। धान, गहुँ, मकै, ऊखु, तरकारी र तेलहन उत्पादनमा मधेसको योगदान उल्लेखनीय छ। साथै, उद्योग, व्यापार, भन्सार र राजस्व सङ्कलनमा पनि मधेसको भूमिका महत्वपूर्ण छ। यति ठूलो योगदानका बाबजुद विकासका अवसर र पहुँच सबै क्षेत्रमा समान नभएको अनुभूति समाजमा देखिन्छ। यो अवस्था कुनै एक क्षेत्रको मात्र होइन्, समग्र राष्ट्रकै साझा चुनौती हो। जसको समाधान समावेशी विकास र सन्तुलित नीतिमार्फत मात्र सम्भव छ ।

नेपाल राज्य निर्माणको क्रममा विभिन्न भूगोल र समाजबिच फरक-फरक अनुभवहरू छन्। कतिपय अवस्थामा यी फरक अनुभवहरूले गलत बुझाइ जन्माएका छन्।

मधेस र पहाडलाई फरक-फरक होइन्, पूरक भूगोल र संस्कृतिका रूपमा बुझ्न सकिए मात्र आपसी विश्वास बलियो हुन्छ। 'मधेसी', 'पहाडी', 'हिमाली'- यी सबै पहिचानहरू नेपाली राष्ट्रियताको साझा आधार हुन् । समस्या शब्दमा होइन्, ती शब्द प्रयोग गर्दा अपनाइने दृष्टिकोणमा हुन्छ। सम्मान र समावेशी सोचले मात्र दूरी घटाउन सक्छ।

सङ्घीय संरचनाले स्थानीय पहिचान, भाषा र आवश्यकतालाई सम्मान गर्दै शासन प्रणालीलाई नागरिक नजिक लैजाने उद्देश्य राखेको छ। सङ्घीयताको सफलताका लागि अधिकार, जिम्मेवारी र स्रोतको सन्तुलित प्रयोग आवश्यक छ। यसले मधेस, पहाड र हिमालबिच सहकार्य र विश्वास बढाउन सक्छ। संविधानले समावेशीता, मातृभाषा, समान अवसर र सामाजिक न्यायका आधारहरू स्थापित गरेको छ । अब चुनौती भनेको यी मूल्यहरूलाई व्यवहारमा उतार्नु हो।

**अन्य देशका अनुभव र नेपालका लागि सन्देश**

विश्वका धेरै देशहरूले विविधतालाई स्वीकार गरेर राष्ट्रिय एकता बलियो बनाएका छन्। जहाँ पहिचान दबाइयो, त्यहाँ द्वन्द्व बढ्यो, जहाँ संवाद र सम्मानलाई प्राथमिकता दिइयो, त्यहाँ समाज स्थिर रह्यो । नेपालका लागि पनि यही पाठ सान्दर्भिक हुनसक्छ।

मधेस नेपाल बाहिरको वा परिधिमा रहेको भूभाग होइन-यो नेपालको मुटु हो । मधेसलाई बुझ्नु भनेको नेपाललाई बुझ्नु हो । इतिहास, संस्कृति, श्रम र सहिष्णुताको साझा विरासतलाई सम्मान गर्दै अघि बढ्नसके मात्र नेपाल साँचो अर्थमा समावेशी, सुदृढ र आत्मविश्वासी राष्ट्र बन्न सक्छ।

यसर्थ मधेस-पहाडबिचको मनोवैज्ञानिक विभाजन घटाउने उपाय राजनीतिभन्दा बढी मानवीय समझदारी, ऐतिहासिक चेतना र आपसी सम्मानमा निहित छ । वैदिककालदेखि आधुनिक राज्य निर्माणसम्म मधेसले दिएको योगदान कृषि, व्यापार, ज्ञान, संस्कृति र अर्थतन्त्रका हरेक तहमा स्पष्ट देखिन्छ तर ऐतिहासिक बुझाइको दूरी, राजनीतिक केन्द्रीकरण र भाषिक-सांस्कृतिक उपेक्षाले मधेसी समाजमा असमानताको अनुभूति गहिरिँदै गएको यथार्थलाई नकार्न सकिँदैन।

अब आवश्यक कुरा मधेस-पहाडलाई अलग-अलग होइन, पूरक भूगोल र साझा पहिचानका रूपमा स्वीकार गर्दै सम्मान, संवाद र समावेशी नीतिमार्फत आपसी विश्वास सुदृढ गर्नु हो। सङ्घीय संरचना, संवैधानिक मूल्य र विविधताको सम्मानलाई व्यवहारमा उतार्न सके मधेस अपेक्षा र उपेक्षाको द्वन्द्वबाट बाहिर निस्केर समावेशी, न्यायपूर्ण र सशक्त नेपालको निर्माणमा केन्द्रीय भूमिकामा उभिन सक्छ।

लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔ

लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-

एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुव्लाउने, खानामा रूचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।





मानसिक असर:-

एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।



पारिवारिक तथा सामाजिक असर: -

पारिवारिक असमझदारीबढने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने,अनैतिक कार्यमा संलग्न हने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौ ।

लागूऔषध बिरुद्धको अभियान सम्बूद्ध र सभ्य समाजको निर्माणमा लागौ ।

कटहरीया नगरपालिका, रौतहट
मधेश प्रदेश, नेपाल

# मिथिला चित्रकला तालिम काठमाडौंमा सुरु



**काठमाडौँ १५ माघ ॥** मिथिला चित्रकलाको प्रवर्द्धन गर्ने उद्देश्यले बुधबारदेखि काठमाडौंमा प्रयोगात्मक तालिम सुरु गरिएको छ । मिथिला थाली बाइ सेफ सन्तोष साह, सुडी महिला कल्याण समाज र रोटरी न्यातपोलको सहकार्यमा तालिमको आयोजना गरिएको हो ।

मिथिला कलाप्रति रुचि राख्ने युवा, महिला तथा बालबालिकालाई लक्षित गरी आयोजित तालिमका सहभागीलाई आधारभूत चित्रकला सीप, डिजाइन र रङ संयोजनको प्रशिक्षण दिइने तालिमका प्रशिक्षक प्रतिभा मिश्रले जानकारी दिइन् ।

तालिमको पहिलो दिन नक्साल, दोस्रो दिन गौशाला र तेस्रो दिन ललितपुरको झम्सिखेलस्थित मिथिला थालीमा तालिम सञ्चालन हुनेछ । तीन दिने प्रशिक्षणपछि १० दिनको अन्तरालमा नक्सालस्थित मिथिला थालीमा अन्तिम चित्रकला प्रतियोगिता आयोजना गरिने मिश्रले बताइन् ।

**तालिममा ३० जनाभन्दा बढी सहभागी छन् ।**

मिथिला चित्रकला तालिम लिन पाउँदा निकै खुसी लागेको तालिममा सहभागीहरू बताउँछन् । 'मलाई पहिलेदेखि नै यस्तो तालिम लिने इच्छा थियो' तालिममा सहभागी क्रेशिका ढकाल भन्छिन्, 'आज सहभागी हुन पाउँदा खुसी लागेको छ ।'

तालिममार्फत नयाँ डिजाइन सिकेर आफ्नै काम गर्न सक्छु भन्ने आत्मविश्वास बढेको उनी बताउँछिन् ।

मिथिला चित्रकलालाई जनकपुरमा मात्र सीमित नराखेर देश विदेशमा चिनाउने उद्देश्य तालिम आयोजना गरिएको मास्टर सेफ सन्तोष साहले बताए ।

'धर्म, संस्कृति, परम्परा र कलालाई जोगाउनुका साथै नयाँ पुस्तालाई संस्कृतिको ज्ञान दिनुपर्छ' साहले भने, 'महिलालाई कलामार्फत आत्मनिर्भर बनाउने हाम्रो अर्को लक्ष्य हो ।'

साथै सुडि महिला कल्याण समाजकी अध्यक्ष रुवी महतो पुर्वेले महिलालाई घरमै सीमित नराखी यस्ता तालिममा सहभागी गराएर सीप सिकाउने र आम्दानीको अवसर दिने उद्देश्य बताइन् ।

पहिले सिकाएका महिला अहिले आफ्नै प्रयासले आम्दानी गरिरहेको उनले जानकारी दिइन् । यो तालिमले पनि सहभागीलाई त्यस्तै अवसर दिने विश्वास उनले व्यक्त गरिन् ।

प्रतिभा मिश्र, शारदा झा, सोनाम कर्ण, प्रिया पुर्वे, अदिती झालगायतका प्रशिक्षकले परीक्षार्थीलाई मिथिला चित्रकलाबारे तालिम प्रदान गर्नेछन् ।

## ठग, भ्रष्टाचारी..........

भएको भन्दा फरक नपर्ने समेत बताए । सरकारमा बसेका मन्त्रीहरु धमाधम आफ्नो दायित्व भुलेर रास्वपाबाट संसद् छिर्ने दाउमा लागेको सबैले देखेकै बिषय भएको उनले बताए ।

'राजनीतिमा आएको एक महिना नहुँदै नयाँ र विकल्प दिन्छु भन्नेहरुहरु विचौलियाको चंगुलमा फसेका छन्, मालपानीहरुको दानापानीमा चल्न थालेका छन,' उनले भने ।


जेनजी हत्यारा, लुटेरा, भ्रष्टाचारी र जेनजी हाइज्याकरहरुको मिलिभगतमा जेनजी सहित आम नागरिकले दुख पाइरहेको उनले बताए । असली जेनजीहरु अहिले पनि जेलमा रहेको बताउदै उनले नक्कलीहरुको सरकारमा पनि हालीमुहाली रहेको टिप्पणी गरे ।

'सुशीला र ओमप्रकाशहरु जेनजी आन्दोलनका अपहरणकारी हुन् । यिनीहरुले जेनजी आन्दोलनको मर्म र भावनामाथि सरकारमा बसेर प्रहार गरे । एउटा पनि माग पूरा गर्न सकेनन् । आज जेनजी आन्दोलनमा योगदान दिएकाहरुको विचल्ली छ। घाईतेहरुको अवस्था नाजुक छ । तर, पानी बाँड्ने सुदनहरु र युवा भाँड्ने बालेनहरुको हालीमुहाली छ । देश सोसल मिडियामा देखाएको क्रेजले बन्दैन । बालेन शाह नयाँ होईन, बालेन त काठमाडौंमा असफलसिद्ध भएको राजनीतिज्ञ हो । काठमाडौंबाट गरिवलाई लखेटेको छ । सुकुम्वासीलाई अत्याएको छ । कवाडीहरुको काम खोस्यो, गाँस खोस्यो । परिवार पाल्न सडकपेटीमा साग बेच्ने आमाहरुलाई रुवायो । साईकलमा तरकारी र फलफूल बेच्नेहरुको साईकल चोर्यो,' आजपा अध्यक्ष साहले भने ।

उनले २१ फागुनमा हुने निर्वाचन पछि आम जनताको सरकार बन्ने दावी गरे । आम जनता, आम मतदाताले आम जनता पार्टीका उम्मेदवारलाई मतदान गरेर आम जनताकै सरकार बनाउन चाहेको ठोकुवा उनले गरे ।

'अब आम जनताको सरकार बन्नुपर्छ । त्यसको लागि संघर्ष, न्याय र सत्यको बाटोमा हिँड्काहरुलाई जनताले साथ दिन्छन् भन्नेमा म ढुक्क छु । हामीले जनतालाई शीरमा राखेर हिँडेका छौं । मलाई विश्वास छ- अन्तिममा भिलेनहरुको भागाभाग हुन्छ, हिरोको जित निश्चित् छ,' आजपा अध्यक्ष साहले भने ।


## सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :



- घर अगाडिका झाडी,क्रसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पूरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिंडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

## सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोप्न सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

दुर्गाभगवती गाउँपालिका, रौतहट
मधेश प्रदेश, नेपाल


## मनोरञ्जन समाचार

# 'द ब्लू लाइट' प्रिमियरमा बेनिशा हमाल : नीलो पहिरनमा 'फेसन स्टेटमेन्ट'

फिल्म 'द ब्लू लाइट' को प्रिमियर सिभिल मलस्थित क्यूएफएक्स सेन्ट्रल सिनेमा हलमा देशब्यापी रिलिजको पूर्वसन्ध्यामा गरिएको छ।

अभिनेत्री तथा निर्मात्री बेनिशा हमालले 'रोयल ब्लू' चम्किलो आउटफिटमा प्रिमियरमा भाग लिएर आफ्नो डेब्यू फिल्म निर्माण र डिजिटल वितरण पनि भएको जानकारी दिइन्।

बलिराम चौहान निर्देशित 'द ब्लू लाइट' मल्टिस्टारर फिल्म शुक्रबारदेखि प्रदर्शनमा आउने तयारीमा छ।




काठमाडौं । देशब्यापी रिलिजको पूर्वसन्ध्यामा फिल्म 'द ब्लू लाइट' लाई प्रिमियर गरिएको छ । सिभिल मलस्थित क्यूएफएक्स सेन्ट्रल सिनेमा हलमा आयोजित प्रिमियरमा 'कास्ट एन्ड क्रू' सहित फिल्मकर्मी सहभागी रहे ।अभिनेत्री तथा निर्मात्री बेनिशा हमाल प्रिमियरमा आकर्षणकी केन्द्र बनिन् । उनको 'फेसन स्टेटमेन्ट' मात्र होइन, उनको डेब्यू फिल्म निर्माण र डिजिटल वितरण पनि भएकाले बेनिशा प्रिमियरमा चम्किइन् ।

बेनिशा 'रोयल ब्लू' चम्किलो आउटफिटमा सहभागी भएकी थिइन् । फिल्मको थिमसँग मिल्ने पहिरन लगाएर उनी त्यहाँ सहभागी भइन् । प्रिमियरमा यो थ्रीलर ड्रामाका कलाकार र निर्देशक पनि त्यहाँ थिए ।

छायाँकार नरेन्द्र मैनाली, कलाकार अर्पण थापा, अभिनेत्री नीति शाह, वितरक दीपक दंगाल पनि प्रिमियरमा सहभागी रहे । बलिराम चौहान निर्देशित यो मल्टिस्टारर फिल्ममा महेश त्रिपाठी, सृष्टि श्रेष्ठ, आयुष्मान जोशीको पनि अभिनय छ । 'द ब्लू लाइट' शुक्रबार देखि प्रदर्शन तयारीमा छ ।

# युवा विद्यार्थीसँग 'कुमारी' को मन्थन : युवालाई तान्ने फिल्म बनाउन जोड

फिल्म 'कुमारी' ले नेपाली चलचित्र, संगीत र मिडियाबाट युवापुस्ताले के अपेक्षा राखेका छन् भन्ने विषयमा ५ सय सहभागीबीच छलफल गरेको छ।

युवाले चलचित्रमा मौलिकता र संस्कृतिको प्रतिबिम्ब चाहेको र संगीतमा भावना आवश्यक रहेको बताएका छन्।

लेखक विकास सुवेदीले फिल्म सामान्य प्रेमकथा नभई भित्री कुरा फरक रहेको र निराशा हटाउने दाबी गरेको छ।



काठमाडौं । फिल्म 'कुमारी' ले 'नेपाली चलचित्र, संगीत र मिडियाबाट युवापुस्ताले के अपेक्षा राखेका छन्' भन्ने विषयमा बिहीबार छलफल चलाएको छ ।

प्रज्ञा प्रतिष्ठानको डबलीमा आयोजित समारोहमा विद्यार्थी, युवासहित ५ सय जना सहभागी रहे । फिल्मको टिमसँगै प्रतिष्ठानका प्राज्ञ सदस्य तथा लेखक अमर न्यौपाने, सञ्चारकर्मी नरेश भट्टराई, निर्देशक दिनेश राउत, लेखक विकास सुवेदी, निर्माता महेन्द्र अधिकारी, गायक केहरसिंह लिम्बु तथा उनको ब्यान्डका सदस्य सहभागी थिए । कार्यक्रममा सहभागी ३० जना युवाले नेपाली चलचित्र, सङ्गीत र मिडियासम्बन्धी आफ्ना धारणा राखेका थिए । यस्ता किसिमका कार्यक्रमले आफ्ना भावना खुलेर व्यक्त गर्न पाएकोमा खुसी व्यक्त गरे ।

सहभागी युवाले निर्देशक राउतका अघिल्ला फिल्मको चर्चा गर्दै फिल्म जीवन बुझ्ने माध्यम भएको बताएका थिए । उनीहरूको भनाइ थियो, 'हामी चलचित्र हलमा समय बिताउन मात्र जाँदैनौँ । सिनेमाले हाम्रो संस्कृति देखाउनुपर्छ, मौलिकता हुनुपर्छ ।'

सामाजिक सञ्जाल युवालाई प्रभाव पार्ने प्रमुख माध्यम भएको बताउँदै उनीहरूले कतिपय समीक्षामा अतिरञ्जना हुने गरेकोप्रति चिन्ता व्यक्त गरे । युवाले नेपाली चलचित्रले आफूहरूले चाहेजस्तो स्तर नपुगेको भन्दै राम्रो फिल्म हेर्न विदेशी फिल्मतर्फ आकर्षित हुनुपरेको बाध्यता पनि सुनाए ।

संगीतबारे युवाको अपेक्षा स्पष्ट थियो- 'गीतमा हिरो-हिरोइनको लुक्सभन्दा पनि भावना चाहिन्छ । संगीत मनोरञ्जनका लागि मात्र होइन, जीवनसँग जोडिन सक्नुपर्छ ।' फिल्मको गीत 'डोको बुन्ने' ले मौलिक 'एसेन्स' बोकेको भन्दै युवाले

## तपाईको आजको दिन कस्तो रहनेछ



**मेष** :- घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ । परिवारभित्रका झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।



**बृष** :- धार्मिक र सामाजिक महत्त्व भएको क्षेत्रमा भ्रमण हुनसक्छ । दूरदराजमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरू हुन सक्छ ।



**मिथुन** :- आज आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ ।



**कर्कट** :- वाणीमा कुशलता आउने दिन परेको छ । करियरको क्षेत्रमा मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।



**सिंह** :- आज गोप्य सूचना बाहिरिनाले समस्या आउनेछ । यात्रा गर्दा ध्यान दिनुहोला बाटोमा दुःख हुन सक्छ, तर आफन्तको साथ र सहयोग पाइनेछ ।



**कन्या** :- आज कामको सन्दर्भमा आउँने प्रतिस्पर्धीहरुलाई किनारा लगाउँदै महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिनेछ । सजिलै अरुको मन जित्न पनि सकिनेछ ।



**तुला** :- आज शरीरमा कमजोरी अनुभूति हुनेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ, तर साँझमा भने मनमा हर्ष र प्रसन्नता छाउनेछ ।



**वृश्चिक** :- आज भाग्यले साथ दिनेछ । आज परोपकार तथा सहयोग आदिमा पनि भूमिका निर्वाह गर्न पाइनेछ । आफन्तजनहरु खुसी हुने समाचार दिन सकिन्छ ।



**धनु** :- घर व्यवहारमा झमेला रहला । प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ । दैनिक कार्यमा सफलता पाइनेछ ।



**मकर** :- आज बोलीवचन एवं प्रवचन भाषण आदिमा प्रशंसा मिल्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । प्राविधिक कार्यमा जुट्दा फाइदा हुने समय पनि छ ।



**कुम्भ** :- परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ । मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।



**मीन** :- अपरोपकारजन्य कार्यमा लगाव बढ्ने र धन सञ्चयको अवसर प्राप्त हुनेछ । आजको दिन मनोरञ्जनपूर्ण रहनेछ । व्यवसायिक क्षेत्रबाट पनि लाभ हुनेछ ।

## प्रदेश समाचार

# सवैया साझेदारी वनले पायो ३ वर्षपछि नयाँ कार्यसमिति



पर्सा । सवैया साझेदारी वन उपभोक्ता समूहमा लखन साह कानुको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ। सो साझेदारी वनले ३ वर्षपछि नयाँ कार्यसमिति पाएको हो ।

बिहीबार सम्पन्न साधारण सभाले उपाध्यक्षमा अस्लम आलम र ३२ वडाबाट वडास्तर प्रतिनिधिका रूपमा शेख नेसार अन्सारीलाई निर्विरोध चयन गरेको छ । नयाँ कार्यसमितिमा एक अध्यक्षसहित ७ जना खुला सदस्य, एक-एक जना आदिवासी जनजाति र दलित समुदायबाट सदस्य चयन हुने व्यवस्था छ ।

साथै ३ जना महिला सदस्य, वीरगञ्ज महानगरपालिका र पर्सागढी नगर पालिकाको कार्यपालिकाबाट १/१ जना सदस्य तथा डिभिजन वन अधिकृतले खटाएका एक जना सहायक वन अधिकृत गरी कुल १७ जनाको कार्यसमिति रहनेछ। अध्यक्ष लखन साह कानुले सबै कार्यसमिति सदस्य सर्वसम्मत रूपमा चयन भएको जानकारी दिँदै आइतबार सबैको नाम सार्वजनिक गरिने बताए ।

२०६२ सालमा स्थापना भएको सवैया साझेदारी वन उपभोक्ता समूह नेपालको पहिलो तथा सबैभन्दा पुरानो साझेदारी वन समूह हो। २०७९ भदौ १६ गतेदेखि नयाँ कार्यसमिति गठनका लागि प्रक्रिया सुरु भए पनि प्रतिनिधि छनोटसम्बन्धी विवाद अदालतसम्म पुगेपछि साधारण सभा गर्न ३ वर्ष ५ महिना कुर्नुपरेको हो । कार्यसमिति चयन ढिलाइ हुँदा उपभोक्ताले ३ वर्षदेखि काठ-दाउरा प्राप्त गर्न सकेका थिएनन् । सो साझेदारी वनमा ३ वर्षअघि कटान गरिएको २० हजार क्युफिट काठ घाटगद्दीमै कुहिन थालेको छ । अध्यक्ष कानुले वनबाट उत्पादन भएको काठ-दाउरा ढिलाइ नगरी उपभोक्ताको आवश्यकताका आधारमा वितरण गरिने बताए ।

'आन्तरिक विवादका कारण साधारण सभा हुन नसक्दा अढाई वर्षदेखि काठ वितरण रोकिएको थियो । आज नयाँ कार्यसमिति चयन भएकामा म अत्यन्त खुसी छु,' अध्यक्ष कानुले भने, 'आजदेखि वन संरक्षणसँगै ३२ वटै वडाका जनताको समस्या समाधान हुने विश्वास लिएको छु ।'

सवैया साझेदारी वन पर्सा जिल्लाको उत्तरी भेगमा ३ हजार १८८ हेक्टर क्षेत्रफलमा फैलिएको छ । वीरगञ्ज महानगरपालिकाका ३० वटा वडा र पर्सागढी नगरपालिकाका वडा नम्बर ३ र ४ गरी ३२ वटा वडा यस वन समूहअन्तर्गत पर्दछन् ।

२०७२ सालको जनगणनाअनुसार ३९ हजार ७७४ घरधुरीका २ लाख ४१ हजार ८०८ उपभोक्ता यस साझेदारी वनमा आबद्ध छन् । अध्यक्ष कानुले नयाँ कार्यसमितिले दक्षिणी भेगका खाली भूभागमा वृक्षरोपण गरी वन क्षेत्र विस्तार गर्दै लैजाने योजना रहेको बताए ।

## अन्तर्राष्ट्रिय र खेलकुद समाचार

# इयूले इरानी 'रिभोलुसनरी गार्ड्स्' लाई आतङ्कवादीको सूचीमा राख्ने

**काठमाडौं** । युरोपेली सङ्घका विदेश मन्त्रीहरूले बिहीबार इरानको 'रिभोलुसनरी गार्ड्स्' लाई इयूको 'आतङ्कवादी सूची' मा राख्न सहमत हुने अपेक्षा गरिएको छ ।



ब्रसेल्समा आयोजित मन्त्रीस्तरीय बैठकमा सहभागी हुन इयूका विदेश नीति प्रमुख काजा कलासले पत्रकार सँग भनिन्, "यदि तपाईं आतङ्ककारीका रुपमा काम गर्नुहुन्छ भने तपाईंलाई पनि आतङ्ककारीका रुपमा व्यवहार गर्नुपर्छ ।"

उनले 'रिभोलुसनरी गार्ड्स'लाई अलकायदा र इस्लामिक स्टेट समूहजस्ता जिहादी समूहको स्तरमा राखेको बताएकी छन्। इरानमा भएको प्रदर्शनका क्रममा हजारौं मानिसको मृत्यु भएको समाचार सार्वजनिक भएपछि इयूको यो कदमले इरानमा निन्दाको कडा सन्देश दिनेछ ।

यसैबीच, २७ राष्ट्रहरूको समूह इयूले दमनमा २१ राज्य संस्थाहरू र आन्तरिक मन्त्री, अभियोजक जनरल र क्षेत्रीय आईआरजीसी कमान्डरहरूसहित २१ इरानी अधिकारीहरूलाई भिसा प्रतिबन्ध र सम्पत्ति रोक्का गरेको छ।

इरानी अधिकारीहरूले विरोध प्रदर्शनका क्रममा हजारौं मारिएका स्वीकार गरेका छन् । उनीहरूले तीनहजार भन्दा बढी मानिसहरूको मृत्यु भएको र अधिकांश सुरक्षा बलका सदस्य वा दङ्गाकारी' समूहद्वारा मारिएका व्यक्ति रहेको प्रत्यक्षदर्शीहरूले बताएका छन्। अधिकारवादी समूहहरू भन्छन्, "मारिनेको यो सङ्ख्या धेरै बढी छ र यो सम्भवत: दशौं हजार पुग्न सक्छ । प्रदर्शनकारीहरूमाथि रिभोलुसनरी गार्डस् (आईआरजीसी) सहित सुरक्षा बलहरूले प्रत्यक्ष गोली चलाएका थिए। आईआरजीसी तेहरानको सेनाको वैचारिक शाखा हो र सन् १९७९ को क्रान्तिपछि इस्लामिक धार्मिक नेतृत्वको रक्षा गर्न गठन गरिएको थियो । गार्डले प्रमुख रणनीतिक क्षेत्रसहित इरानी अर्थव्यवस्थामा कम्पनीहरूको नियन्त्रण वा स्वामित्व राख्दछ।


"'रिभोलुसनरी गार्डस्' लाई आतङ्कवादीको सूचीकरणपछि पनि कूटनीतिक च्यानलहरू खुला रहनेछन्,“ कलासले भनिन्। फ्रान्सका विदेशमन्त्री जाँ नोएल ब्यारोंले ब्रसेल्स पुगेपछि पत्रकारहरूसँग भने, "अपराधका लागि दण्डहीनता हुन सक्दैन।"

"यो निर्णय इरानको आधुनिक इतिहासको सबैभन्दा हिंसात्मक दमनलाई निरन्तरता दिने मृत्युदण्डको अन्त्य गर्न हजारौंले शासनको जेलमा थुनिएका कैदीहरूलाई रिहा गर्न इरानी अधिकारीहरूलाई फ्रान्सले गरेको अपिल पनि हो," उनले भने ।

ब्यारोंले तेहरानलाई इन्टरनेटमा प्रतिबन्ध अन्त्य गर्न र 'इरानी जनतालाई आफ्नो भविष्य छनौट गर्ने क्षमता फिर्ता गर्न' आग्रह गरे । इयूले यसअघि गरेका विरोध आन्दोलनहरू र युक्रेनमा रुसको युद्धमा तेहरानको समर्थनमा सयौं इरानी अधिकारीहरू र संस्थाहरूलाई प्रतिबन्ध लगाइसकेको छ।

आइआरजिसी समग्रमा र वरिष्ठ कमान्डरहरू पहिले नै इयूको प्रतिबन्धमा छन्, जसको अर्थ उनीहरूलाई आतङ्कवादी कालोसूचीमा थप्दा सङ्गठनमा थोरै व्यावहारिक प्रभाव पर्ने अपेक्षा गरिएको छ।


**सर्पको टोकाईबाट बच्न अपनाउनुपर्ने उपायहरु :**



- घर अगाडिका झाडी,कसमल काटेर सफा गरौं
- घरका भित्तामा भएका प्वाल टाल्ने र मुसा छिर्ने दुलोहरु पुर्ने गरौं
- झ्याल र ढोकामा जाली लगाउने
- खेतबारीमा काम गर्दा पुरा बाहुलाको कपडा र खुट्टामा छालाको बुट लगाऔं
- रातिमा हिडडुल गर्दा लाइट बालेर हिंड्ने गरौं
- भुईमा नसुतौं , खाटमाथि सुतौं र झुल लगाउने गरौं

**सर्पले टोकेमा ध्यान दिनुपर्ने कुराहरु :**

- सर्पले टोकेमा धामी, झाँक्रीको खोजीमा समय बरबाद नगरौं, तुरुन्त अस्पताल वा सर्प दंशको उपचार केन्द्रमा लैजाऔं
- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन् सान्त्वना दिने गरौं
- सर्पले टोकेको व्यक्तिलाई केही पनि खान नदिने र निदाउन दिन हुँदैन
- शरीरमा भएको घडी, चुरा, औंठी, पाउजु, पेटी खोली दिऔं
- सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतह भन्दा तल पार्न लगाऔं
- सर्पले (टोकेको भागलाई डोरी वा ट्युबले अत्यधिक कसेर नबाँधौं) टोकेको ठाउँ छोपन सफा, सुख्खा पट्टीले बलियो गरी बेर्ने र सो पट्टी नहल्लियोस् भनेर अर्को पट्टीले कस्ने गरौं
- सर्पले टोकेको भागलाई हलचल गराउन र हिंड्न नदिऔं
- सवारी साधनमा लैजाँदा घाइतेलाई बसालेर लैजाऔं

**देवाहि गोनाही नगपालिका,**
**प्रेमपुर गोनाही, रौतहट ,मधेश प्रदेश,**

**लागु पदार्थको सेवनबाट आफु पनि बचौ र अरुलाई पनी बचाऔं**

**लागू पदार्थको सेवनबाट हुने शारीरिक असर:-**

एच. आई.भि. / एड्स,हेपाटाईटिस तथा यौनजन्य रोगहरु संक्रमण हुने,तौल घट्ने, शरीर दुब्लाउने, खानामा रुचि नहुने,ओभरडोज भएर मृत्यु समेत हुने ।





**मानसिक असर:-**

एकोहोरोपन, फ्रस्टेसन, डिप्रेशन,सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने,नकारात्मक भावनाको श्रृजना, आत्महत्या गर्न प्रेरित हुने ।

**पारिवारिक तथा सामाजिक असर: -**

पारिवारिक असमझदारीबढने, घरको सामानहरु चोरी हुने, दैनिक झगडा गर्ने,सम्पत्ति घट्दै जाने, पारिवारिक दुरि बढने,अनैतिक कार्यमा संलग्न हने भएकोले आजैदेखी लागूपदार्थको कुलत त्यागौं ।



**लागूऔषध बिरुद्धको अभियान सम्बूद्ध र सभ्य समाजको निर्माणमा लागौं ।**

**गढीमाई नगरपालिका**
**समनपुर, रौतहट मधेश प्रदेश, नेपाल**